आज मिति २०७८ साल जेष्ठ २७ गतेको दिनको २:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: धुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |

| | | | |
|---|---|---|---|
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | लुकुडी | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघनाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव प्रा. |
| २९. | | श्री माधव ज्ञवाली | स्वा.शा. प्र. |
| ३० | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३१. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३२ | | श्री पशुपति गैरे | अधिकृत छैंटौ |
| ३३. | | गोपाल चौधरी | प्र.प्र.अ. |

प्रस्तावहरु :-

(१) आठौं नगरसभा सम्बन्धमा

(२) आ.व. ०७८/०७९ बजेट सिलिङ्ग तथा मार्गदर्शन सम्बन्धमा

(३) कोभिड व्यवस्थापन सम्बन्धमा

(४) बर्दघाट नगरपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका, २०७८

(५) योजनाको म्याद थप सम्बन्धमा

(६) आइसोलेसन केन्द्रको खर्चको जानकारी सम्बन्धमा

(७) विविध

(क) पृथ्वी चन्द्र अस्पतालबाट सहयोग रकम माग भएको सन्दर्भमा

(ख) साझा सुविधा केन्द्र तथा कोशेली घर निर्माण सम्बन्धमा

(ग) वर्थिङ्ग सेन्टर स्थापना सम्बन्धमा

(घ) गत आ.व.०७६/०७७ को वेरूजु सम्बन्धमा

(ङ) चालु आ.व.को हाल सम्मको आम्दानी खर्च सार्वजनिक सम्बन्धमा

(च) चालु आ.व.को हाल सम्मको खर्च सार्वजनिक सम्बन्धमा

(छ) सुकुम्वासी समस्या सामाधान सम्बन्धी

(ज) गौतम वुद्द सामुदायिक अस्पताललाई आर्थिक सहयोग सम्बन्धमा

निर्णयहरू:

नि.नं १:

आगामी आ.वं. ०७८/७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्ने सन्दर्भमा आठौं नगरसभा मिति ०७८/३/१० गते नगरपालिकाको सभाहलमा विहान ८: ०० बजे बस्ने निर्णय गरियो ।

नि.नं २:

यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ मा बार्षिक नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा मि
०७८/२/२४ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठकबाट भएको सिफारिस समेतको आधा
नेपाल सरकार तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकमा प्राप्त हुने बजेट रकम राजश्व बाँडफाँड तथा आन्तरिक आ
आधारमा देहायअनुसारको रू ७५९,३६६,०००.०० को बजेट सिमा निर्धारण गर्ने निर्णय गरियो । आगामी वर्षको योज
तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना प्रथमिकिकरणका आधार देहायबमोजिम तय गरी वडागत तथा विषयगत बजेट सिलि
को सन्दर्भमा विषयगत शाखाको वजेट सिलिङ्ग गत आ.व. अनूरूप र वडागत वजेट सिलिङ्ग तय गर्दा गत आ.व
पूंजीगत बजेटको १५ प्रतिशत कम गरी सोही बजेट सिलिङ्गको आधारमा ०७८/३/४ गते सम्म नगरपालिकामा योज
पेश गर्ने गरी योजना तर्जुमा प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

तपसिलः

| राजश्व | शिर्षक | आ.व. ०७६/७७ को यथार्थ | आ.व. ०७७/७८ को संसोधित अनुमान | आ.व. ०७८/७९ को अनु |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | | | |
| १.१ | सम्पत्ति कर | २,४६५,२११.०० | ५,६१९,०००.०० | ५,७००,०००.०० |
| १.२ | भूमि कर | ३,९८८,००३.०० | ५,६५९,०००.०० | ५,७००,०००.०० |
| १.३ | घर जग्गा वहाल कर | ३,०४२,६७१.०० | ४,२१६,०००.०० | ४,५००,०००.०० |
| १.४ | व्यावसाय कर | १,१६४,७५१.०० | २,५१९,०००.०० | ५,०००,०००.०० |
| १.५ | वहाल विरौटी शुल्क | ७,५००,०००.०० | ३,१७०,४७६.०० | १०,०००,०००.०० |
| १.६ | पार्किङ्ग शुल्क | १,७९९,०००.०० | २५६,०००.०० | १,०००,०००.०० |
| १.७ | जडिवुटी, कवाडी र जीवजन्तु कर | २००,०००.०० | ३७२,०००.०० | ४००,०००.०० |
| १.८ | सिफारिस दस्तुर | ८,३३०,३४९.०० | ११,७८२,०००.०० | १२,०००,०००.०० |
| १.९ | नक्सा पास दस्तुर | २,७७२,६९०.०० | २,०७६,०००.०० | २,५००,०००.०० |
| १.१० | अन्य दस्तुर | ५०४,९२८.०० | ८७६,०००.०० | १,०००,०००.०० |
| १.११ | अन्य विक्रि बाट प्राप्त रकम | २६,२५०.०० | ३००,०००.०० | ३५५,०००.०० |
| १.१२ | अन्य राजश्व | ११४,५९८.०० | १६,०००.०० | ५०,०००.०० |
| १.१३ | अन्य सेवा शुल्क | २२,३००.०० | १३,०००.०० | २५,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १.१४ | सवारी साधन कर (साना सवारी) | ५६,०००.०० | - | ६०,०००.०० |
| १.१५ | निवेदन दस्तुर | १३०,२४६.०० | २४६,०००.०० | २५०,०००.०० |
| १.१६ | प्रशासनिक दण्ड जरिवाना जफत | २७९,३६०.०० | ९५४,०००.०० | १,०००,०००.०० |
| १.१७ | वेरुजु | १८७,२७४.०० | २००,०००.०० | २००,०००.०० |
| १.१८ | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | | १२६,०००.०० | १५०,०००.०० |
| १.१९ | न्यायीक दस्तुर | ३,५४०.०० | ८,०००.०० | १०,०००.०० |
| १.२० | नाता प्रमाणित दस्तुर | १०१,३६०.०० | ६६,०००.०० | १००,०००.०० |
| क | जम्मा | ३२,६८८,५३१.०० | ३८,४७४,४७६.०० | ५०,०००,०००.०० |
| २ | राजश्व बाँडफाँड | | | |
| २.१ | मूल्य अभिवृद्दि कर, अन्त शुल्क र प्राकेतिक श्रातका रोयल्टी | १०५,०३३,०००.०० | ११०,०००,०००.०० | १२०,०००,०००.०० |
| २.२ | विज्ञापन कर | २८१,०००.०० | २८१,०००.०० | ४००,०००.०० |
| २.३ | नदिजन्य पदार्थ ठेक्का | ७,९१७,०००.०० | ७,९१७,०००.०० | १०,०००,०००.०० |
| २.४ | घर जग्गा रजिष्ट्रेशन र सवारी साधन कर | १६,६८०,०००.०० | २०,०००,०००.०० | २०,०००,०००.०० |
| ख | जम्मा | १२९,९११,०००.०० | १३८,१९८,०००.०० | १५०,४००,०००.०० |
| | अन्य आय लागत सहभागिता | | | |
| ग | गत वर्षको मौज्जात | १८२,७४४,७०६.०० | १९३,५७४,०००.०० | १०,०००,०००.०० |
| क+ख+ग जम्म | जम्मा | ३४५,३४४,२३७.०० | ३७०,२४६,४७६.०० | २१०,४००,०००.०० |
| ३ | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | |
| ३.१ | नेपाल सरकार बाट प्राप्त हुने अनुदान | | | |
| ३.१.१ | वित्तिय समानीकरण अनद्वान | १७३,४००,०००.०० | १६८,६००,०००.०० | १८१,५००,०००.०० |
| ३.१.२ | शशर्त अनुदान | २७१,९९६,०००.०० | ३५०,०००,०००.०० | २९२,८००,०००.०० |
| ३.१.३ | समपुरक अनुदान | २६,०००,०००.०० | - | १९,०००,०००.०० |
| ३.१.४ | विशेष अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| | | २०,०००,०००.०० | - | - |
| घ | जम्मा | ४९१,३९६,०००.०० | ५१८,६००,०००.०० | ४९३,३००,०००.०० |
| ३.२.१ | **प्रदेश सरकार बाट प्राप्त हुने अनुदान** | | | |
| ३.२.२ | वित्तिय समानीकरण अनदुान | ४,९५७,०००.०० | ५,८८०,०००.०० | ८,६६६,०००.०० |
| ३.२.३ | शशर्त अनुदान | ११,०००,०००.०० | १७,८५०,०००.०० | २०,०००,०००.०० |
| ३.२.४ | समपुरक अनुदान | २०,०००,०००.०० | २०,०००,०००.०० | २०,०००,०००.०० |
| ३.२.५ | विशेष अनुदान | ७००,०००.०० | ७,०००,०००.०० | ७,०००,०००.०० |
| ङ | जम्मा | ३६,६५७,०००.०० | ५०,७३०,०००.०० | ५५,६६६,०००.०० |
| ग+घ+ङ | कूल जम्मा | ८७३,३९७,२३७.०० | ९३९,५७६,४७६.०० | ७५९,३६६,०००.०० |

| बर्दघाट नगरपालिकाको आ.व. ०७८।७९को चालु र पूँजिगत तर्फको श्रोतगत आय व्यय विवरण | | | | |
|---|---|---|---|---|
| क.स. | नगरपालिकाको अनुदान रकम | जम्मा रकम | विनियोजन तर्फ | |
| | | | चालु | पूजीगत |
| | आन्तरिक आय | | | |
| १ | गतको अ.ल्या | १००००००००.० | ०.० | १००००००००.० |
| २ | लागत सहभागिता (स्थानीय उपभोक्ता ) | | ०.० | |
| ३ | राजश्व बाँडफाड | १०४०००००.० | १०४०००००.० | ०.० |
| ४ | आन्तरीक श्रोत तर्फ | ५००००००००.० | ५००००००००.० | ०.० |
| | क जम्मा | ७०४०००००.० | ६०४०००००.० | १००००००००.० |
| | नेपाल सरकारबाट प्राप्त अनुदान | | | |
| १ | राजश्व बाँडफाड | १२०००००००.० | १२०००००००.० | ०.० |
| २ | वित्तिय समानीकरण अनुदान | १८१५०००००.० | ०.० | १८१५०००००.० |
| ३ | सशर्त अनुदान | २९२८०००००.० | २६२८०००००.० | ३००००००००.० |
| ४ | विशेष अनुदान | ०.० | ०.० | |
| ५ | समपुरक अनुदान | १९००००००.० | ०.० | १९००००००.० |
| | ख जम्मा | ६१३३०००००.० | ३८२८०००००.० | २३०५०००००.० |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ०.० | |
| १ | वित्तीय समानीकरण अनुदान | ८६६६०००.० | ०.० | ८६६६०००.० |
| २ | सशर्त अनुदान | २००००००००.० | ०.० | २००००००००.० |
| ३ | विषेश अनुदान | ७००००००.० | ०.० | ७००००००.० |
| ४ | समपरक अनुदान | २००००००००.० | ०.० | २००००००००.० |
| ५ | राजश्व बाँडफाड | २००००००००.० | २००००००००.० | ०.० |
| | ग जम्मा | ७५६६६०००.० | २००००००००.० | ५५६६६०००.० |
| | कूल जम्मा रकम | ७५९३६६०००.० | ४६३२०००००.० | २९६१६६०००.० |

**चालु खर्च, नगरका गौरबका योजना, विषयगत शाखा र वडा समितिको बजेट सिलिङ्ग सहितको अनुमानित व्ययको विवरण**

| क.स. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| क | नगरकार्यपालिका | | | | |
| क.१ | सञ्चालन खर्च( न.पा.र वडा समेत) | १४००००००.० | ५०६६०००.० | | १४५०६६०००.० |
| क.२ | अधुरा योजनाको भूक्तानी | | ०.० | | ०.० |
| क.३ | फिर्ता खर्च | ३००००००.० | ०.० | | ३००००००.० |
| क.४ | समपुरक /लागत साझेदारी | ०.० | ५८४०००००.० | | ५८४०००००.० |
| क.५ | कन्टीन्जेन्सी खर्च | २५०००००.० | २५०००००.० | | ५००००००.० |
| क.६ | केन्द्र समपुरक | ०.० | १९००००००.० | | १९००००००.० |
| क.७ | प्रदेश समपुरक | ०.० | २००००००००.० | | २००००००००.० |
| क.८ | प्रदेश विषेश | | ७००००००.० | | ७००००००.० |
| क.९ | प्रदेश ससर्त | ०.० | २००००००००.० | | २००००००००.० |
| क.१० | मर्मत सम्भार कोष | ०.० | ५००००००.० | | ५००००००.० |
| क.१० | विपद व्यवस्थापन कोष (स्वास्थ्य क्षेत्र लक्षित) | ०.० | १००००००००.० | | १००००००००.० |
| क.१२ | विपद व्यवस्थापन कोष | ०.० | २५०००००.० | | २५०००००.० |
| क.१३ | लागत सहभागितामा सञ्चालित योजना | ०.० | ५००००००.० | | ५००००००.० |
| क.१४ | नगरका गौरबका योजना | ०.० | ४०००००००.० | | ४०००००००.० |
| | क जम्मा | १४५५०००००.० | १९४४६६०००.० | ०.० | ३३९९६६०००.० |
| ख | वडा समिति (ख जम्मा) | २४००००००.० | ४७६०००००.० | | ७१६०००००.० |
| ग | विषयगत शाखा | | | | ०.० |
| ग.१ | विषयगत शाखा ससर्त | २६२८०००००.० | ३०००००००.० | ०.० | २९२८०००००.० |
| ग.२ | विषयगत शाखा निशर्त | १७५०००००.० | ३७५०००००.० | | ५५००००००.० |
| ग.२.१ | शिक्षा | २५०००००.० | ७५०००००.० | | १००००००००.० |
| ग.२.२ | स्वास्थ्य | ५००००००.० | ७००००००.० | | १२००००००.० |
| ग.२.३ | कृषि | ५००००००.० | १५००००००.० | | २००००००००.० |
| ग.२.४ | पशु सेवा | २५०००००.० | ७५०००००.० | | १००००००००.० |
| ग.२.५ | महिला | २५०००००.० | ५०००००.० | | ३००००००.० |
| घ | ग जम्मा | २८०३०००००.० | ६७५०००००.० | ०.० | ३४७८०००००.० |
| ङ | कूल जम्मा | ४४९८०००००.० | ३०९५६६०००.० | ०.० | ७५९३६६०००.० |

## वडासमितिहरूको बजेट सिलिङ्ग

| वडा न | जम्मा रकम | आर्थिक विकास(१५ | सामाजिक विकास( १५ | पुर्वाधार विकास( ५० | बातावरण तथा विपद् व्यवस्थापन ( १५ | सूशासन तथा संस्थागत विकास (५ |
|---|---|---|---|---|---|---|
| १ | ३५७४७७३.२ | ५३६२१६.० | ५३६२१६.० | १७८७३८६.६ | ५३६२१६.० | १७८७३८.७ |
| २ | ६२२०८९४.४ | ९३३१३४.२ | ९३३१३४.२ | ३११०४४७.२ | ९३३१३४.२ | ३११०४४.७ |
| ३ | ३००१९०१.६ | ४५०२८५.२ | ४५०२८५.२ | १५००९५०.८ | ४५०२८५.२ | १५००९५.१ |
| ४ | ८३४८७०३.२ | १२५२३०५.५ | १२५२३०५.५ | ४१७४३५१.६ | १२५२३०५.५ | ४१७४३५.२ |
| ५ | ५१४३३५०.२ | ७७१५०२.५ | ७७१५०२.५ | २५७१६७५.१ | ७७१५०२.५ | २५७१६७.५ |
| ६ | ३१२०११३.२ | ४६८०१७.० | ४६८०१७.० | १५६००५६.६ | ४६८०१७.० | १५६००५.७ |
| ७ | ३२७४६९७.६ | ४९१२०४.६ | ४९१२०४.६ | १६३७३४८.८ | ४९१२०४.६ | १६३७३४.९ |
| ८ | ३०७९१९३.८ | ४६१८७९.१ | ४६१८७९.१ | १५३९५९६.९ | ४६१८७९.१ | १५३९५९.७ |
| ९ | ३९२४८६१.४ | ५८८७२९.२ | ५८८७२९.२ | १९६२४३०.७ | ५८८७२९.२ | १९६२४३.१ |
| १० | ४२३८५७६.८ | ६३५७८६.५ | ६३५७८६.५ | २११९२८८.४ | ६३५७८६.५ | २११९२८.८ |
| ११ | ३८३८४७६.० | ५७५७७१.४ | ५७५७७१.४ | १९१९२३८.० | ५७५७७१.४ | १९१९२३.८ |
| १२ | ४६२९५८४.४ | ६९४४३७.७ | ६९४४३७.७ | २३१४७९२.२ | ६९४४३७.७ | २३१४७९.२ |
| १३ | ४९७९६७२.६ | ७४६९५०.९ | ७४६९५०.९ | २४८९८३६.३ | ७४६९५०.९ | २४८९८३.६ |
| १४ | ५१८८८१६.२ | ७७८३२२.४ | ७७८३२२.४ | २५९४४०८.१ | ७७८३२२.४ | २५९४४०.८ |
| १५ | ४५२०४६६.० | ६७८०६९.९ | ६७८०६९.९ | २२६०२३३.० | ६७८०६९.९ | २२६०२३.३ |
| १६ | ४५१५९१९.४ | ६७७३८७.९ | ६७७३८७.९ | २२५७९५९.७ | ६७७३८७.९ | २२५७९६.० |
| | ७१६००००.० | १०७४००००.० | १०७४००००.० | ३५८०००००.० | १०७४००००.० | ३५८००००.० |
| | | | | | | |

आयोजना प्राथमिकिकरणका आधारहरू:

- चालु आ.व.का अधुरा आयोजनाहरू
- बर्दघाट नगरपालिकाको ५ वर्षे आवधिक योजनामा उल्लेखित योजनाहरू
- श्रममुलक प्रविधिमा आधारित र स्थानीय स्तरमा रोजगारी र आम्दानी अभिवृद्धि गर्न सहयोग पुर्‍याउने योजनाहरू
- कोभिड-१९ को व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरू
- कोभिड -१९ को कारणबाट शिथिल हुन पुगेको स्थानीय अर्थतन्त्रलाई चलायामान बनाउने प्रकृतिका आवश्यक योजनाहरू
- स्थानीय श्रोत, साधन, सीपको अधिकतम प्रयोगबाट छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरू
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने योजनाहरू
- स्थानीय मजदुर, कृषक, महिला, सिमान्तीकृत वर्ग र पिछडिएको क्षेत्रलाई फाइदा पुग्ने योजनाहरू
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन र विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरू

## योजना तर्जुमा गर्ने सन्दर्भमा ध्यान दिनुपर्ने विषयहरू

क) योजना तर्जुमा प्रक्रिया सम्बन्धीः

- हाल अभ्यासमा रहेको योजना तर्जुमा विधि र प्रक्रिया अनुरूप गाँउ-टोल भेलाको आयोजना गर्न स्वास्थ्य सुरक्षाका दृष्टिकोणले जोखिम पूर्ण हुने देखिएमा, नागरिक सहभागिताका वैकल्पिक विधिहरू अवलम्बन गर्ने व्यवस्था मिलाउने । यसका लागि भौतिक दुरी तथा स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरि स-साना समूहमा छलफल गर्ने, टोल विकास संस्था वा अन्य यस्तै प्रकृतिका सामुदायिक संस्थाहरू परिचालन गर्ने, सञ्चार र सूचना प्रविधिका उपयोग जस्ता विधि प्रयोग गर्न सकिने ।
- कोभिड- १९ को संक्रमणको व्यापकताले सिर्जना हुन सक्ने परिस्थितीको आँकलन गरी अवस्था विश्लेषणका आधारमा आवश्यकता पहिचान गरी आगामी आ.व.को नीति, कार्यक्रम र बजेटमा प्रथमिकताका साथ समावेश गर्ने

ख) कोभिड- १९ बाट सिर्जित संकट व्यवस्थापन सम्बन्धीः

- संक्रमणको जोखिम रहदाँसम्म असक्त, असहाय एवं आर्थिक रूपले विपन्न गर्भवति महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिलाई राहका कार्यक्रम सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गर्ने
- आर्थिक रूपले विपन्न श्रमिक मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरू छनौटमा प्रथमिकता दिने
- कोभिड- १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य शुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनीटाइजर, पिपिई) हरूको अभाव नहुने गरी बजेटको व्यवस्था गर्ने,
- कोभिड - १९ को रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न बजेट व्यवस्था गर्ने
- एम्बुलेन्स, दमकल, सववाहन जस्ता सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था गर्ने
- कोभिड-१९ को कारण विद्यार्थी, गर्भवति महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गर्ने

(ग) सामाजिक क्षेत्रसँग सम्बन्धी (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र अन्य)

- अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य स्वास्थ्य इकाइहरूले दिने सेवाको लागि अत्यावस्यक औषधी तथा उपकरण तथा स्वास्थ्य सासाग्रीको लागि बजेट व्यवस्था गर्ने
- जनस्वास्थ्य सँग सम्बन्धित सेवा प्रभावकारी वनाउन महिला स्वयम सेविका परिचालनको लागि बजेट व्यवस्था गर्ने
- वैकल्पिक विधिको प्रयोग गरी पठन पाठन सूचारू गर्न आवश्यक बजेटको व्यवस्था गर्ने
- सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रबन्ध गर्न आवश्यक बजेटको व्यवस्था गर्ने

घ) आर्थिक विकास सम्बन्धी (कृषि, पशुसेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन र अन्य)

- कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्मनिर्भरता तथा उद्यमशिलताको प्रवर्द्धन गर्न आवश्यक मल, विउ, किटनाशक औषधी, उत्पादिन वस्तुको भण्डारण, प्रशोधन र बजार व्यवस्था, सिँचाई सुविधा मिलाउनको लागि बजेट व्यवस्था गर्ने
- किसानको लागत मूल्यको प्राप्तीको सुनिश्चितताको लागि कृषि तथा पशुविमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रम गत बजेटको व्यवस्था गर्ने
- बाँझो जग्गाको एकिकृत तथ्याँक संकलन गरी सोको उपयोगको व्यवस्था मिलाउन भूमि वैंकको अवधारणा कार्यान्वयन गर्न सहजिकरण गर्ने, यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गर्न सकिने
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादिन वस्तुहरूको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने
- विदेशबाट फर्किएका र रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको सिपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यावसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाता सँग समन्वय गरि रोजगारी प्रदान गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउने

ङ) वातावरण तथा विपद व्यवस्थापन सम्बन्धीः

- कोभिड-१९ वाहेकका अन्य विपद् व्यवस्थापनका लागि बजेट व्यवस्था गर्ने
- पूर्वाधार विकासका कार्यक्रम गर्दा विपद जोखिमका संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाउने

च) सुशासन तथा संस्थागत विकास सम्बन्धीः

- नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई सूचना प्रविधि मैत्री वनाउन आवश्यक बजेटको व्यवस्था गर्ने
- आन्तरिक आयमा चालु आ.व.मा परेको असर तथा आगामी आ.व. मा पनि यस्तो अवस्थाको निरन्तरता हुन सक्ने देखिएकोले आय संकलन प्रक्रिया र विधिमा सुधार तथा कर सहुलियत दिनुपर्ने अवस्था रहेमा सोको आँकलन गरी आन्तरिक राजश्व परिचालन सम्बन्धी आवश्यक नीतिगत र कानुनी गर्ने व्यवस्था गर्ने ।
- कोभिड-१९ बाट व्यापार व्यावसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्ने व्यावसाय कर, घर वहाल कर जस्ता क्षेत्रमा परेको असरको मूल्याँकन गरि कर सहुलियत प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गर्ने

- कोभिड-१९ बाट कर तथा गैरकर राजश्वमा पर्न सक्ने असरलाई आँकलन गरि आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाउने
- आर्थिक क्रियाकलापमा आएको संकुचन सँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफांड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यान दिदैं लचकता सहितको उपयूक्त आकारको बजेट तर्जुमा गर्ने
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरू कटौती गर्ने नीति अवलम्वन गर्न उपयूक्त हुने
- कोभिड-१९ को कारण असहज परिस्थितीको सामना गर्न तत्कालिन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय गै.स.स., सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरूलाई परिपुरक भूमिकामा परिचालन गर्ने नीति लिने

नि.नं ३ः

नयाँ भेरियन्ट सहितको कोभिडको दोश्रो लहरको व्यवस्थापन गर्ने सन्दर्भमा नगरपालिकाको आइसोलेशन सेन्टरको व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने, कोभिड व्यवस्थापनमा खटिएका स्वास्थ्य कर्मी, नगरप्रहरी, सफाई कर्मीहरूलाई नेपाल सरकारले तोकेबमोजिमको पछिल्लो ३ महिनाको प्रोत्साहन भत्ता उपलब्ध गराउने, कोभिड व्यवस्थापन गर्ने सन्दर्भमा विश्व स्वास्थ्य संगठन तथा स्वास्थ्य मन्त्रालय जारी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालन गर्दै खोप लगाउने कार्यलाई समेत प्रभावकारी रूपमा सञ्चालन गरी क्रमशः कोभिड नियन्त्रण गर्दै जाने निर्णय गरियो ।

नि.नं ४

बर्दघाट नगरपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ५ः

चालु आ.व.मा उपभोक्ता समितिबाट सञ्चालन भएका योजनाहरू मध्ये कोभिड –१९ को कारण जारी निशेधाज्ञाको कारण यस अवधिमा म्याद सकिएका योजनाहरूको कार्य सम्पन्न गर्ने अवधि २०७८ आषाढ २० गते सम्म थप गर्ने र ठेक्का प्रक्रियाबाट सञ्चालित योजनाहरूको समेत नियमानुसार म्याद थप गर्ने निर्णय गरियो ।

नि.नं ६ः

यस नगरपलिकामा सञ्चालन भएको कोभिड व्यवस्थापन कोषमा भएको बजेट रकम रू रू १,५०,००,०००। मध्येवाट आइसोलेश केन्द्र निर्माण सम्झौता, आइसोलेशन केन्द्रमा प्रयोग भएको औषधी तथा मेडिकल सामाग्री तथा अन्य व्यवस्थापनको लागि हाल सम्म रू १,०१,७८,१८३।६० खर्च भएको व्यहोरा जानकारी गराईयो ।

नि.नं ७ (क)ः

यस जिल्लाको सदरमुकाम परासीमा शुरूवात गर्न लागिएको PCR परिक्षणको लागि आवश्यक रकम सहयोगको लागि पृथ्वी चन्द्र अस्पतालबाट अनुरोध भै आएको सन्दर्भमा रू ५,००,०००।०० कोभिड व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

नि. नं ७ (ख)

चालु आ.व.को वार्षिक कार्यक्रम अन्तरगत शसर्त अनुदान तर्फ सि.नं ८३५ मा अति गरिबको लागि साझा सुविधा कन्द्रको स्थापना शिर्षकमा रू ५,००,०००।०० विनियोजन भएको र प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम अन्तरगत सि.नं ७१३ मा पालिका कोशेली घर प्रदर्शनी तथा विक्रि कक्ष शिर्षकमा रू १०,००,०००।०० विनियोजन भएको र वडा नं १४ वुद्दवस्ती आवास क्षेत्रमा रहेको नगरपालिकाकै स्वामित्वमा रहेको साविक दा.दे. ९ क कि.नं ५ को जग्गामा कोशेली घर प्रदर्शनी तथा विक्रि कक्ष स्थापना गर्न आवश्यक बजेट माग गरी सम्वन्धीत वडाबाट सिफारिस प्राप्त भएकोले उक्त दुवै शिर्षकको बजेटबाट रू १५,००,०००।०० विनियोजन गरी कोशेली घर तथा साझा सुविधा केन्द्रको निर्माण कार्य अगाडी वढाउने निर्णय गरियो

नि.नं ७ (ग)

यस नगर पालिका वडा नं १३ स्थित जहदा स्वास्थ्य चौकी र वडा नं १४ स्थित दाउन्ने स्वास्थ्य चौकीमा तत्काल वर्थिङ्ग सेन्टर स्थापना गरी सेवा सूचारू गर्ने निर्णय गरियो ।

नि.नं ७(घ)

नगरपालिकाको गत आ.व. ०७६/०७७ को महालेखा परिक्षकबाट पेश भएको अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रारम्भिक मस्यौदा उपर छलफल सम्पन्न भयो ।

नि.नं ७(ङ)

चालु आ.व.को हाल सम्मको आम्दानी र खर्च सार्वजनिक गर्ने निर्णय गरियो ।

नि.नं ७ (छ)

भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरूले सम्वन्धित वडा कार्यालयमा पेश गरेको यस सम्बन्धी फारामा रूजु गर्ने जिम्वेवारी दिइएका वडा सचिवहरूलाई प्रति फाराम रू ३० का दरले प्रोत्साहन रकम उपलब्ध गराउने साथै वडा स्तरिय सहजिकरण समितिका पदाधिकारीहरूलाई वैठक भत्ता वापत महिनाको २ वटा वैठकको नियमानुसारको वैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो

नि.नं ७(ज)

गौतम वुद्द सामुदायिक मुटु अस्पताल, बुटवललाई यस नगरपालिका भित्रका मृगौला रोगका लागि नियमित डायलाइसिस गर्ने विरामीहरूलाई कोभिडको कारणले सार्वजनिक यातायात बन्द रहेको परिस्थितीलाई मध्यनजर राखी वर्ष भरी हप्ताको २ दिन बस सेवा प्रदान गरेवापत एकमुष्ठ रू १,५०,०००।०० कोभिड व्यवस्थापन कोषमा विनियोजित रकम मध्येबाट उपलब्ध गराउने निर्णय गरियो ।